# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर डा. खतिवडाद्वारा लघुवित्त सम्मेलनलाई सम्बोधन

गभर्नर डा. युवराज खतिवडाद्वारा रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर (RMDC) द्वारा आयोजित "Revisiting Nepal Microfinance Vision – 2015" विषयक दुई दिने सम्मेलनको समापन कार्यक्रमलाई पुस ६ गते सम्बोधन गर्नुभयो । पुस ५-६ मा आयोजित सो सम्मेलनले सन् २०१० डिसेम्बरमा निर्माण गरेको Microfinance Vision – 2015 को मध्यावधि समीक्षा सहित पुनरावलोकन गरेको थियो । सो सम्मेलनमा लघु वित्त क्षेत्रमा कार्यरत मुलुकभरका विभिन्न संस्थाका २०० भन्दा बढीको सहभागिता रहेको थियो ।




समारोहलाई सम्बोधन गर्दै गभर्नर खतिवडाले आर्थिक विकासका लागि वित्तीय पहुँच अत्यावश्यक रहेको चर्चा गर्दै लघु वित्त गरिबी न्यूनीकरणका लागि भरपर्दो माध्यम बन्न सक्ने धारणा राख्नुभएको थियो । लघुवित्त संस्थाहरुको सङ्ख्यात्मक अभिवृद्धिले मात्र यस क्षेत्रमा योगदान पुग्न नसक्ने चर्चा गर्दै उहाँले मुलुकका पहाडी र दुर्गम क्षेत्रका वास्तविक गरिबसम्म पुग्न लघु वित्त क्षेत्रका संस्थाहरुले थप प्रयास गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

लघु वित्त क्षेत्रमा कर्जा पक्षमा मात्र बढी जोड दिइएको तर लघु विमालाई सँगसँगै लैजानुपर्ने आवश्यकता माथि प्रकाश पार्दै गभर्नर खतिवडाले लघु वित्त संस्थाहरुले नवीन प्रविधि, सेवा र पद्धतिलाई आत्मसात् गरी सेवा पुऱ्याउन जोड दिनुभएको थियो । उहाँले नेपालको लघुवित्त सञ्जालको संरचनालाई परिवर्तन गरी एकीकृत एवम् समन्वयात्मक रुपमा सञ्चालन गर्न नयाँ लघु वित्त ऐनको मस्यौदा तर्जुमा गरिएको र सो विधेयक पारित भए पछि यस क्षेत्रमा अझै सुदृढता आउने विश्वास व्यक्त गर्नुभएको थियो ।

### लघु वित्त र सामाजिक व्यवसाय

सोही दिन आर.एम.डि.सी. र नेपाल उद्योग परिसंघद्वारा संयुक्त रुपमा आयोजित 'लघु वित्त र सामाजिक व्यवसाय' विषयक कार्यक्रमको आयोजना गरियो । कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधान मन्त्री डा. बाबुराम भट्टराई हुनुहुन्थ्यो भने विशिष्ट अतिथि लघु वित्तका

प्रणेताका रूपमा ख्यातिप्राप्त बङ्गलादेशका अर्थशास्त्री नोवेल शान्ति पुरस्कार विजेता प्रा. मोहम्मद युनुस रहनुभएको थियो ।

सो सेमिनारलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले गरिबी न्यूनकरणको भरपर्दो माध्यमका रूपमा स्वीकार गरिएको लघु वित्त आर्थिक मात्र नभई सामाजिक व्यवसाय समेत रहेको धारणा राख्नुभयो । गरिबीको दुष्चक्र निर्माणमा केवल आर्थिक पक्षमात्र नभई शिक्षा,




स्वास्थ्य, सरसफाइ, सामाजिक पक्ष समेत जिम्मेवार रहेका हुँदा यसका साथै तालिम एवम् सीप विकास जस्ता पक्षलाई समेत लघु वित्तसँग समेटेर लैजानुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै विशिष्ट अतिथि प्रा. मोहम्मद युनुसले बंगलादेशमा लघु वित्त सफल रहनुको रहस्यमाथि प्रकाश पार्दै गरिबलाई उनीहरूमा विद्यमान रहेको सम्भावनालाई जगाइदिने र आत्मविश्वास अभिवृद्धि गर्नुपर्ने अनुभव राख्नुभएको थियो । उहाँले लघु वित्त समाज विकासको एकीकृत अवधारणा रहेको चर्चा गर्दै गरिबलाई पैसा नभई सीप दिनुपर्ने धारणा राख्नुहुँदै यो कार्य सरकारले मात्र गर्न नसक्ने भन्दै सरकारले वातावरण निर्माण मार्फत् सहयोग गर्न सक्ने विचार व्यक्त गर्नुभएको थियो ।

२०६९ पुस ८ गते, आइतवार

गभर्नरको कार्यालय